पाँच कुरा फित्रत (प्राकृतिक) हुन्; खतना गर्नु, गुप्ताङ्गका रौं खौरनु, जुँगा छोटो पार्नु, नङ्ग काट्नु र काखीका रौं उखेल्नु ।”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "पाँच कुरा फित्रत (प्राकृतिक)
हुन्; खतना गर्नु, गुप्ताङ्गका रौं खौरनु, जुँगा छोटो पार्नु, नङ्ग काट्नु र काखीका
रौं उखेल्नु ।”
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, पाँच फित्रतका(प्राकृतिक) कुराहरू इस्लामको विशेषता र पैगम्बरहरूको सुन्नत हुन्: १) खतना गर्नु: लिंगको टुप्पोमा रहेको अतिरिक्त छाला काट्नु हो । त्यसैगरी महिलाको योनिमाथिको छालाको टुप्पो काट्नु । २) गुप्ताङ्गको रौं खौरनु : नाभीमुनि रहेको रौंहरूलाई खौरनु वा कुनै तरिकाले सफा गर्नु । ३) जुँगा छोटो पार्नु : पुरुषको माथिल्लो ओठमा बढेको कपाल ओठ देखिने गरी काट्नु । ४) नङ्ग काट्नु । ५) काखीको रौं उखेल्नु वा कुनै तरिकाले सफागर्नु ।

https://sunnah.global/hadeeth/ne/show/3144